Reg. No.: 159553/073/074 PAN No.: 304303922

**MAYA KHOLA HYDROPOWER COMPANY LIMITED**

# माया खोला हाईड्रोपावर कम्पनी लिमिटेड

Ref No.: MKHPC/040/2026

मिति : २०८३ भाद्र १७ गते

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

**विषय: हकप्रद शेयर निष्कासनको पूर्व स्वीकृति प्राप्त भएको सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा यस माया खोला हाईड्रोपावर कम्पनी लिमिटेड को नवौं साधारण सभाबाट निर्णय गरी हाल कायम चुक्ता पूँजी रु. १,००,००,००,०००/- को १:१ अनुपातले हुन आउने १,००,००,००० (एक करोड) कित्ता शेयर बराबरको हकप्रद विष्कासनको पूर्व स्वीकृतिका लागि श्री विद्युत नियमन आयोग समक्ष निवेदन पेश गरेकोमा, ताहाँको मिति २०८३/५/१७ च.नं. २२१ को पत्र मार्फत हालको चुक्ता पूँजी रु. १,००,००,००,०००/- को १:१ अनुपातले हुन आउने रकम रु. १,००,००,००,०००/- बराबरको को १,००,००,००० (एक करोड) कित्ता हकप्रद शेयर निष्कासन गर्नको लागि पूर्व-स्वीकृति प्राप्त भएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछौं । आयोगबाट प्राप्त पत्रको प्रति यसै निवेदन साथ संलग्न छ ।

सहयोगका लागि धन्यवाद ।

भवदिय,

(नविन कुमार बर्मा)
कम्पनी सचिव

**बोधार्थ:**

१ श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, भद्रकाली, काठमाण्डौं ।
२. श्री सिडिएस एण्ड क्लियरीङ लि. पुतलीसडक, काठमाण्डौं ।
३. श्री कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
४. श्री सिटिजन्स् बैंक लि. दरवारमार्ग, काठमाण्डौं ।
५. श्री सर्टिजन्स् क्यापिटल लि. डिल्लीबजार, काठमाण्डौं ।

187 Shree Gorakhnath Marg, Dhumbarahi, KTM – 4; P.O. Box: 8975 EPC 5602; Tel: 4536325
Email: mayakholahydropwer@gmail.com

# विद्युत् नियमन आयोग

(विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापित स्वायत नियमनकारी निकाय)

पत्र संख्या: २०८३/०८४
चलानी नं: - २२१

मिति: २०८३/०५/१७
नेपाल संवत : ११४६

**श्री माया खोला हाइड्रोपावर कम्पनि लिमिटेड,**
**धुम्बाराही, काठमाडौ।**
**सम्पर्क नं: ९८५११७१०९०**

**विषय: हकप्रद शेयरको सार्वजनिक निष्कासनको पूर्व स्वीकृति प्रदान गरिएको सम्बन्धमा।**

संखुवासभा जिल्लामा अवस्थित १४.९० मे.वा. क्षमताको माया खोला जलविद्युत् आयोजनाको लागि प्रचलित कानुन बमोजिम विद्युत् उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०७०/०७१ वि.उ. १२३) प्राप्त कम्पनी माया खोला हाइड्रोपावर कम्पनी लिमिटेडको साविकको अधिकृत पुँजी रु. २,००,००,००,०००/-, जारी पुँजी रु. २,००,००,००,०००/- र चुक्ता पुँजी रु. १,००,००,००,०००/- रहेकोमा हाल चुक्ता पुँजीको १:१ अनुपातमा प्रस्तावित शेयर रकम रु. १,००,००,००,०००/- को १,००,००,००० कित्ता हकप्रद शेयर निष्काशनको लागि मिति २०८२/१२/२६ मा पेश गरेको निवेदन तथा विभिन्न मितिमा कम्पनीबाट पेश भएका थप कागजातहरु उपर छलफल हुँदा कम्पनीले हकप्रद शेयर निष्कासनबाट प्राप्त हुने कुल रकम रू. १,००,००,००,०००/- ले consortium bank को ऋण भुक्तानी गर्ने तथा Citizens Bank Limited को 2026/03/15 को पत्रानुसार २०८२ पुष मसान्त सम्ममा कम्पनीको Citizens Bank Limited र Himalayan Bank Ltd. मा कुल Outstanding Loan रकम रु. २,४२,१५,०१,५१७.०९।– रहेको मध्य कम्पनीको अद्यावधिक कर्जा तिर्ने प्रयोजनार्थ कम्पनीलाई हालको चुक्ता पुँजी रु. १,००,००,००,०००/- को १:१ अनुपातमा हुन आउने रकम रु. १,००,००,००,०००/- को १,००,००,००० कित्ता हकप्रद शेयर निष्काशन गर्नको लागि ***"विद्युत्सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्काशनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८"*** को दफा ७ तथा दफा ९ बमोजिम तपसिलका शर्त सहित पूर्व स्वीकृति प्रदान गर्ने निर्णय भएको व्यहोरा आयोगको मिति २०८३/०५/११ को ३१७ औ वैठकको निर्णयानुसार अनुरोध छ।

*शर्तहरु:*

१. *हकप्रद शेयरको निष्कासनबाट प्राप्त भएको रकम consortium bank को ऋण चुक्ता गर्ने प्रयोजनमा प्रयोग गरी सो को पन्ध्र दिनभित्र सोको पुष्टि हुने कागजात सहित आयोगमा जानकारी गराउनुपर्नेछ।*
२. *प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने तह तथा अन्य तहबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ।*
३. *प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनुपर्ने भएमा सम्बन्धित तहमा सो कर बुझाउनुपर्नेछ।*
४. *तहाँ अन्तर्गतका शेयरधनीहरूमध्ये कुनै शेयरधनी विद्युत् सम्बन्धी आयोजना बनाई नेप्सेमा सूचीकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्वस्वीकृति लिनुपर्नेछ।*
५. *आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धी निर्देशन बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ।*
६. *हकप्रद शेयरको निष्कासन गर्दा प्रथम चरणमा निश्चित समय तोकी संस्थापक शेयरधनीका लागि शेयर निष्कासन गर्नु पर्नेछ। सो बमोजिम संस्थापक शेयरधनीले चुक्ता गर्नु पर्ने कुल रकम र सो रकम चुक्ता गरे नगरेको व्यहोरा खुलाईएको विवरण समेत प्रकाशन गरी दोस्रो चरणमा सर्वसाधारणको लागि हकप्रद शेयरको निष्कासन गर्नु पर्नेछ।*
७. *अनुमतिपत्र प्राप्त कम्पनीले शेयरको सार्वजनिक निष्कासन गर्दा प्रकाशन गरिने विवरणपत्रमा धितोपत्रसम्बन्धी प्रचलित कानुन बमोजिमका विवरणको अतिरिक्त विद्युत् सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को दफा १६ बमोजिमको विवरण समेत समावेश गर्नु पर्नेछ। उक्त विवरण पत्रमा आयोगबाट स्वीकृत भए बमोजिम consortium bank को ऋण चुक्ता गर्ने प्रयोजनका लागि हकप्रद शेयरको निष्कासनको पूर्वस्वीकृति प्राप्त भएको समेत स्पष्ट रूपले खुलाई समावेश गर्नु पर्ने छ।*

राजन तिवारी
जियोलोजिष्ट


**विद्युत नियमन आयोग**
काठमाडौं, नेपाल
इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np
फोन: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्स : +९७७-१-४४३२५८२